नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५६५२५३
ई-मेल: info@deoc.gov.np
वेवसाईट: www.deoc.gov.np

पत्र संख्या:
चलानी नं.:

मिति २०८२/०८/१६

## व्यावसायिक कारोबार व्यक्तिगत खाताबाट नगर्ने/नगराउने सम्बन्धी सूचना ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ ले सहकारी संस्थाहरुलाई पनि वित्तीय संस्थाको रुपमा परिभाषित गरे अनुरुप सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम १० र आयकर ऐन, २०५८ को दफा ८१क. को व्यवस्था वमोजिम व्यावसायिक कारोवार व्यक्तिगत खातावाट नगर्नु/नगराउनु हुन तथा त्यस्तो कारोवार भएको पाइएमा वित्तीय जानकारी इकाइमा प्रतिवेदन गर्नु हुन सहकारी संस्थाहरुको लागि यो सूचना जारी गरिएको छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम १० र आयकर ऐन, २०५८ को दफा ८१क. को व्यवस्था देहाय अनुसार रहेको छः

१. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम १० मा "व्यावसायिक कारोबार तथा खाता सम्बन्धी व्यवस्थाः कानूनी व्यक्ति वा कानूनी प्रबन्धले व्यावसायिक कारोबारसँग सम्बन्धित रकम त्यस्तो कानूनी व्यक्ति वा कानूनी प्रबन्धको खाता बाहेक अन्य कसैको व्यक्तिगत खातामा भुक्तानी दिने वा लिने गरेको पाइएमा वा प्रचलित कानून बमोजिम बाहेक व्यक्तिगत बचत खातालाई व्यावसायिक कारोबारको माध्यम बनाइएको पाइएमा सम्बन्धित वित्तीय संस्थाले सोको जानकारी वित्तीय जानकारी इकाई र आन्तरिक राजस्व विभागलाई दिनु पर्नेछ।"

२. आयकर ऐन, २०५८ को दफा ८१क मा "व्यावसायिक कारोबार बापतको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाइनेः कुनै पनि व्यक्तिले व्यावसायिक कारोबार बापत प्राप्त नगद, चेक, क्यू आर कोड तथा अन्य कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत वैङ्क खातामा जम्मा गर्न पाइने छैन।"

उमेश ढुङ्गाना
रजिष्ट्रार

उमेश ढुङ्गाना
रजिष्ट्रार